# मध्यपश्चिम विश्वविद्यालयमा अध्यापन हुने साधारण तर्फका विषयहरूमा विद्यार्थी भर्नासम्बन्धी निर्देशिका, २०८३

(स्वीकृत मिति : २०८३ असार ११ गते)

## प्रस्तावना

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेस, ग्र्याजुएट स्कुल अफ एजुकेसन र ग्र्याजुएट स्कुल अफ म्यानेजमेन्ट अन्तर्गतका विभिन्न शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि विद्यार्थी छनोट गर्न लिइने प्रवेश परीक्षालाई गुणस्तरीय, मर्यादित र व्यवस्थित गर्न कार्यविधिमा एकरूपता ल्याउन वान्छनीय भएकोले मध्यपश्चिम विश्वविद्यालय शैक्षिक-प्रशासनिक नियमावली, २०६९ को परिच्छेद-३८ नियम २१४ बमोजिम "मध्यपश्चिम विश्वविद्यालयमा अध्यापन हुने साधारण तर्फका विषयहरूमा विद्यार्थी भर्नासम्बन्धी निर्देशिका, २०८३" जारी गरिएको छ ।

## परिच्छेद् - १

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम " "मध्यपश्चिम विश्वविद्यालयमा अध्यापन हुने साधारण तर्फका विषयहरूमा विद्यार्थी भर्नासम्बन्धी निर्देशिका, २०८३" रहेको छ ।

(२) यो निर्देशिका विश्वविद्यालयको कार्यकारी परिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद् - २

## परिभाषा

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले "मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७" लाई सम्झनु पर्दछ ।

(ख) "विश्वविद्यालय" भन्नाले "मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७" को दफा ३ बमोजिम स्थापित मध्यपश्चिम विश्वविद्यालयलाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले "मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक-प्रशासनिक नियमावली, २०६९, आर्थिक-प्रशासनिक नियमावली, २०६९ र शिक्षक-कर्मचारी नियमावली, २०६९" लाई सम्झनु पर्दछ ।

(घ) "निर्देशिका" भन्नाले "मध्यपश्चिम विश्वविद्यालयमा अध्यापन हुने साधारण विषयहरूतर्फ विद्यार्थी भर्नासम्बन्धी निर्देशिका, २०८३" लाई सम्झनु पर्दछ ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले ऐनको दफा १२ बमोजिमको कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

(च) "निकाय" भन्नाले विश्वविद्यालयका ग्र्याजुएट स्कुल, केन्द्रीय विभाग, अध्ययन संस्थान, स्वायत्त संस्था, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त शैक्षिक संस्था सम्झनु पर्दछ ।

(छ) "उपकुलपति" भन्नाले ऐनको दफा २४ बमोजिम नियुक्त उपकुलपतिलाई सम्झनु पर्दछ ।

(ज) "रजिष्ट्रार" भन्नाले ऐनको दफा २५ बमोजिम नियुक्त रजिष्ट्रारलाई सम्झनु पर्दछ ।

(झ) "डिन" भन्नाले ऐनको दफा २६ बमोजिम नियुक्त ग्र्याजुएट स्कुलको प्रमुखलाई सम्झनु पर्नेछ ।

(ञ) "निकाय प्रमुख" भन्नाले विश्वविद्यालयका ग्र्याजुएट स्कुल, केन्द्रीय विभाग, स्वायत्त संस्था, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त शैक्षिक संस्थाका प्रमुख सम्झनु पर्दछ ।

(ट) "प्रवेश परीक्षा" भन्नाले ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेस, ग्र्याजुएट स्कुल अफ एजुकेसन र ग्र्याजुएट स्कुल अफ म्यानेजमेन्ट अन्तर्गतका स्नातक तथा स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रममा अध्ययनका लागि विद्यार्थी छनोट गर्न लिइने प्रवेश परीक्षालाई सम्झनु पर्दछ ।

(ठ) "योग्यताक्रम" भन्नाले प्रवेश परीक्षाको नतिजा तथा परीक्षा समितिले तोकेका आधारहरूबाट तय भएको योग्यताक्रम सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले यस कार्यविधिको परिच्छेद ३ को नियम ३ बमोजिम गठित प्रवेश परीक्षा समिति सम्झनु पर्दछ ।

(ढ) "साधारण विषय" भन्नाले ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेस, ग्र्याजुएट स्कुल अफ एजुकेसन र ग्र्याजुएट स्कुल अफ म्यानेजमेन्ट अन्तर्गतका विभिन्न शैक्षिक कार्यक्रमहरू सम्झनु पर्दछ ।

## परिच्छेद-३

## प्रवेश परीक्षा समिति सम्बन्धी व्यवस्था

(३) **प्रवेश परीक्षा समिति** : (१) मध्यपश्चिम विश्वविद्यालयका ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेस, ग्र्याजुएट स्कुल अफ एजुकेसन र ग्र्याजुएट स्कुल अफ म्यानेजमेन्ट अन्तर्गतका स्नातक तथा स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रममा विद्यार्थी भर्नाका लागि प्रत्येक शैक्षिक संस्थामा देहायबमोजिम प्रवेश परीक्षा समिति रहनेछ :

(क) केन्द्रीय विभागको हकमा :

सम्बन्धित निकाय/विभागीय प्रमुख - संयोजक

सम्वन्धित केन्द्रीय विभागहरूमा उपलब्ध भए सम्म एकजना महिला सहित ३ जना शिक्षकहरू - सदस्य

प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(ख) आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रमहरूको हकमा,

क्याम्पस प्रमुख/कार्यक्रम निर्देशक - संयोजक

सम्बन्धित आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रमहरूका सम्पूर्ण विभागीय प्रमुख/कार्यक्रम संयोजकहरू - सदस्य

प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(४) **प्रवेश परीक्षा समितिको काम, कर्तव्य र अधिकार** : (१) प्रवेश परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) सम्बन्धित डिन कार्यालयसँग समन्वय गरी भर्ना अभियानका लागि विज्ञापन, प्रचार प्रसार र अभिमुखीकरण कार्यक्रम अगाडि बढाउने ।

(ख) विद्यार्थी भर्नासम्बन्धी परामर्श सेवा प्रवाह गर्ने ।

(ग) प्रवेश परीक्षाका लागि विद्यार्थीहरूलाई आवेदन फाराम वितरण गर्ने ।

(घ) प्रवेश परीक्षालाई मर्यादित र विधिसम्मत् तरिकाले सम्पन्न गर्ने ।

(ङ) परीक्षा हुने विषयको प्रवेशपत्र जारी, परीक्षा सञ्चालन, निरीक्षण र उत्तरपुस्तिका परीक्षण गराई योग्यताक्रमबमोजिम नतिजा प्रकाशन गर्ने ।

(च) परीक्षा सञ्चालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन, सुरक्षा र अन्य आवश्यक व्यवस्था गर्ने ।

(छ) परीक्षासम्बन्धी आचारसंहिता पालना नगर्ने निरीक्षक, कर्मचारी तथा परीक्षार्थीहरूलाई आवश्यक कारवाही गर्ने ।

(ज) परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्रहरू निर्माण, उत्तरपुस्तिका परीक्षण र अन्य कार्यहरू गर्ने गराउने ।

(झ) प्रवेश परीक्षा समिति सम्बन्धित डिन कार्यालयप्रति उत्तरदायी हुनुपर्नेछ ।

ञ) आवश्यकता अनुसार फरक फरक प्रश्नपत्र सेटहरू तोकिएको ढाँचामा तयार गर्ने र प्रवेश परीक्षाहरू सञ्चालन गर्ने ।

## परिच्छेद - ४

## आवेदन सम्बन्धी व्यवस्था

(५) **प्रवेश परीक्षाको आवेदन आह्वान** : (१) सम्बन्धित डिन कार्यालयले विश्वविद्यालयको शैक्षिक पात्रोअनुसार सार्वजनिक सूचना प्रकाशन गरी विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्ना हुन इच्छुक व्यक्तिहरूसँग प्रवेश परीक्षाको आवेदन आह्वान गर्नेछ ।

(क) विद्यार्थीले प्रवेश परीक्षाको आवेदन फाराम भौतिक र अनलाइन दुवै माध्यमवाट भर्न सक्ने छन् ।

(ख) प्रवेश परीक्षाको आवेदन शुल्क विश्वविद्यालयले तोकेबमोजिम हुनेछ ।

(ग) प्रवेश परीक्षा पूर्णतया: लिखित परीक्षामा आधारित हुनेछ ।

(६) **विज्ञापन तथा प्रचार–प्रसार सम्बन्धमा** : (१) विश्वविद्यालयका विभिन्न शैक्षिक संस्था वा निकायमा सञ्चालित शैक्षिक कार्यक्रमको नयाँ भर्ना सम्बन्धमा सम्बन्धित प्रवेश परीक्षा समिति, ग्याजुएट स्कुल तथा निकायहरूले विश्वविद्यालयको प्रचलित ऐन नियममा रही प्रचार-प्रसार गर्ने गराउने छन् । विद्यार्थी भर्ना अभियानको कार्यक्रमको प्रचार-प्रसार गर्दा तपसिल बमोजिमका बुँदाहरूलाई समेटेर आफ्नो प्रचार-प्रचार सामग्रीहरू तयार गर्न सकिनेछ :

(क) शैक्षिक कार्यक्रमका मुख्य विशेषताहरू ।

(ख) पाठ्यक्रम संरचना नवीनता तथा पठनपाठन पद्धति सम्वन्धमा ।

(ग) विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूमा भएका संरचनागत विकास तथा सुविधाहरूको सम्बन्धमा ।

(घ) विश्वविद्यालयद्वारा प्रदान गरिने छात्रवृत्ति सम्बन्धमा ।

(ङ) विश्वविद्यालय सुधारका गतिविधिहरू ।

(च) डिजिटलाइजेसन र स्वचालित प्रणाली सम्बन्धमा ।

(छ) शैक्षिक संस्थाहरूले सञ्चालन गरेका सह-पाठ्यकम कियाकलापहरू (Co-curricular activities) ।

## परिच्छेद -५

## प्रवेश परीक्षाका लागि न्यूनतम योग्यता सम्बन्धी व्यवस्था

(७) **भर्नाका लागि न्यूनतम योग्यता** : (१) ग्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेस, ग्याजुएट स्कुल अफ एजुकेसन र ग्याजुएट स्कुल अफ म्यानेजमेन्ट तर्फका विभिन्न कार्यक्रममा विद्यार्थी भर्नाका लागि निम्नानुसार शैक्षिक योग्यता हुनुपर्नेछ :

(क) ग्याजुएट स्कुल अफ एजुकेसन, ग्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेज र ग्याजुएट स्कुल अफ म्यानेजमेन्टअन्तर्गत स्नातक तहमा B.Ed., B.A र BBS कार्यक्रममा भर्ना हुनका लागि न्यूनतम योग्यता कक्षा १२ मा समग्रमा ग्रेड प्वाइन्ट १.६ वा D ग्रेड हुनुपर्नेछ ।

(ख) ग्याजुएट स्कुल अफ म्योनेजमेन्टअन्तर्गत स्नातक तहमा BBA, BHM, र BTTM कार्यक्रममा भर्नाका लागि न्यूनतम योग्यता १२ कक्षामा समग्रमा ग्रेड प्वाइन्ट २.० वा C ग्रेड हुनुपर्नेछ ।

(ग) ग्याजुएट स्कुल अफ एजुकेशन, ग्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेज र ग्याजुएट स्कुल अफ म्यानेजमेन्टअन्तर्गत स्नातकोत्तर तहमा M.Ed., M.A, MBA र MBS कार्यक्रममा भर्नाका लागि न्यूनतम योग्यता स्नातक तह उत्तीर्ण हुनुपर्नेछ।

(घ) ग्याजुएट स्कुल अफ एजुकेसनअन्तर्गत स्नातकोत्तर तहमा भर्ना हुन अन्य ग्याजुएट स्कुल/कार्यक्रमबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी एक वर्षे B.Ed. उत्तीर्ण भएको हुनु पर्नेछ । तर, शैक्षिक योजना तथा व्यवस्थापन र पाठयक्रम तथा मूल्याङ्कन विषयको हकमा भर्ना हुनका लागि जुनसुकै विषयमा स्नातक तह उत्तीण गरी एक वर्षे B.Ed. समेत उत्तीर्ण भएको हुनुपर्नेछ ।

(८) **प्रवेश परीक्षा प्रश्नपत्रको आधार** : ग्याजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेस, ग्याजुएट स्कुल अफ एजुकेसन र ग्याजुएट स्कुल अफ म्यानेजमेन्टतर्फ स्नातक र स्नातकोत्तर

तहको शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि लिइने प्रवेश परीक्षा प्रश्नपत्रको आधार देहाय बमोजिम हुनेछ :

| सि.नं. | छनोटका आधार | प्रश्नको प्रकार/ अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | प्रवेश परीक्षा | प्रति प्रश्न १ अङ्कभार भएका वस्तुगत प्रश्नहरू १०० वटा (१X१००= १००) | |
| जम्मा अङ्कभार | | १०० | |

(९) **विद्यार्थी सिट सङ्ख्या र छनोट प्रक्रिया** : मध्यपश्चिम विश्वविद्यालय अन्तर्गत ग्याजुएट स्कुल अफ म्यानेजमेन्टतर्फ कोटा निर्धारित शैक्षिक कार्यक्रममा भर्नाका लागि निम्नानुसार विद्यार्थी सिट सङ्ख्या र छनोट प्रक्रिया रहनेछ :

| क.स | शैक्षिक कार्यक्रम | सिट सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | BBA, BHM, BTTM | ४८ | प्रति सेक्सन |
| २ | MBA | ४० | प्रति सेक्सन |

(क) प्रवेश परीक्षा सम्पन्न भएपश्चात् भर्ना समितिले प्रवेश परीक्षामा सहभागी भएका विद्यार्थीहरूमध्ये पूर्णाङ्कको ४० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूले प्राप्त गरेको अङ्कसहित योग्यताक्रम सूची (Merit List) प्रकाशित गर्नेछ ।

(ख) योग्यताक्रम सूची प्रकाशित गर्दा विद्यार्थीहरूले प्राप्त गरेको अङ्क बराबर भएमा पाठ्यक्रम अन्तर्गत उल्लेख गरिएका विषयहरूको सिलसिलेवार क्रमअनुसार प्राप्त गरेको अङ्कलाई आधार मानी भर्ना समितिले निर्णय लिनेछ ।

(ग) निर्धारित सङ्ख्याको १२ प्रतिशत आरक्षण कोटा छुट्याई महिला १, दलित १, आदिवासी जनजाति १, मधेसी १, कर्णाली १ र अपाङ्ग १ गरी जम्मा ६ सिटको नतिजा समावेशी आधारमा प्रकाशित गरिनेछ ।

(घ) योग्यताक्रम सूचीमा परेका विद्यार्थीहरूमध्ये निर्धारित कोटामा भर्नाका लागि प्रथम सूची प्रकाशन गरी विद्यार्थीहरूलाई भर्नाका लागि १५ दिन समय दिइनेछ ।

(ङ) प्रथम पटक प्रकाशित भर्ना सूचीबाट निर्धारित कोटा पूरा नभएमा योग्यताक्रम सूचीबाट दोस्रो भर्ना सूची प्रकाशित गरी भर्नाका लागि सात दिनको समय दिइनेछ ।

(च) यसरी दोस्रो भर्ना सूची अनुसार निर्धारित भर्ना कोटा पूरा नभएमा पुन योग्यताक्रम सूचीकै आधारमा तेस्रो भर्ना सूची प्रकाशित गरी भर्नाका लागि तीन दिनको समय दिइनेछ ।

(छ) आरक्षित कोटातर्फ निर्धारित उत्तिर्णाङ्क ल्याउन नसकी कोटा रिक्त हुन गएमा उक्त कोटालाई खुलातर्फ समावेश गरी योग्यताक्रम सूची (Merit List) मा नाम परेका उम्मेदवारहरू मध्येबाट भर्ना गरिनेछ ।

(ज) भर्नाका लागि सूचना प्रकाशित भएपश्चात् तोकिएको समय भित्र आवश्यक सङ्ख्यामा विद्यार्थीहरू भर्ना नभएको खण्डमा बाँकी सिटका लागि योग्यताक्रम सूची (Merit List) मा रहेका अन्य उम्मेदवारहरूलाई भर्नाका लागि सूचना प्रकाशित गरिनेछ ।

(झ) उक्त प्रकियाअनुसार निर्धारित कोटा पूर्ति हुन नसकेको खण्डमा पुनः प्रवेश परीक्षा गर्न सकिनेछ ।

## परिच्छेद - ६

## भर्ना रद्द सम्बन्धी व्यवस्था

(१०) **भर्ना रद्द सम्बन्धी व्यवस्था** : (१) भर्ना भएका विद्यार्थीहरूको देहायको अवस्था भर्ना रद्द समेत गर्न सकिनेछ ।

(क) सक्कल प्रमाणपत्रहरू रूजु गर्दा प्राप्ताङ्क वा अन्य विवरणहरू फरक हुन आएमा वा अन्य कुनै कारणवश त्रुटी देखिएमा त्यस्ता आवेदकलाई भर्ना हुन दिइने छैन। यदि कुनै पनि त्रुटीवश भर्ना भएको भएतापनि भर्ना रद्द गरिनेछ।

(ख) भर्ना भई कक्षा सञ्चालन भएको मितिले सात दिनसम्म उचित कारण सहितको सूचना विना कक्षामा अनुपस्थित रहने तथा दर्ता फाराम दर्ता नगराउने विद्यार्थीहरूको भर्ना रद्द गरी सो स्थानमा योग्यताक्रमानुसार पुनः नाम प्रकाशित गरी भर्ना गरिनेछ।

(ग) भर्ना समय सकिएको ७ दिन भित्र रद्द गर्न परेमा सम्बन्धित विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्कको ८० प्रतिशत रकम फिर्ता गरिनेछ ।

(घ) भर्ना समय सकिएको ८ दिन देखि ३० दिन सम्म रद्द गर्न परेमा सम्बन्धित विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्कको ७० प्रतिशत रकम फिर्ता गरिनेछ ।

(ङ) भर्ना समय सकिएको ३१ दिनपछि रद्द गर्न परेमा कुनै पनि रकम फिर्ता हुनेछैन ।

## परिच्छेद - ७

## विविध

(११) **विद्यार्थी भर्नादेखि सत्रान्त परीक्षासम्मको समय निर्धारण सम्बन्धमा** : सम्बन्धित डिन कार्यालयले तोकेको मितिभित्र विद्यार्थी भर्ना भएपश्चात् रजिष्ट्रेसन, मध्यवर्ती परीक्षा र सत्रान्त परीक्षाको परीक्षा फाराम, सत्रान्त परीक्षा सञ्चालन गर्ने समयावधिको निर्धारण २+१+१+१ सूत्रअनुसार अनिवार्य रूपले गर्नुपर्ने दायित्व सम्बन्धित निकायको हुनेछ ।

(१२) **विद्यार्थी भर्ना सम्बन्धी जानकारी पुस्तिका** : विद्यार्थी भर्ना सम्बन्धी जानकारी पुस्तिका यस निर्देशिका र मध्यपश्चिम विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी कार्यविधिको अधिनमा रहि सम्बन्धित शैक्षिक संस्थाले अनिवार्य रूपमा प्रकाशित गर्नुपर्नेछ ।

(१३) **निर्देशिका खारेजी** : मध्यपश्चिम विश्वविद्यालय विद्यार्थी भर्ना सम्बन्धी निर्देशिका, २०८० यो निर्देशिका लागु भएको मितिदेखि खारेज हुनेछ ।

(१४) **प्रचलित कानुन बमोजिम हुने** : यस निर्देशिकामा व्यवस्था भएका विषयका सम्बन्धमा सोही बमोजिम र उल्लेख नभएका विषयका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**(१५) बाधा अडकाउ फुकाउने :** (१) यस निर्देशिका अनुसार विद्यार्थी भर्ना प्रक्रियाको लागि प्रवेश परीक्षा सञ्चालनमा आउनसक्ने वाधा अड्काउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

(२) यस निर्देशिकालाई संशोधन एवम् खारेजी गर्ने अधिकार मध्यपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्मा रहनेछ ।